Research Article

# विप्लवी उपन्यासमा लैङ्गिकताको अध्ययन

पार्वती पन्त, मेधावी सेकेन्ड्री स्कुल, महेन्द्रनगर,कञ्चनपुर

## लेखसार

*प्रस्तुत अनुसन्धानात्मक लेखमा सानु शर्माद्वारा लिखित विप्लवी उपन्यासलाई लैङ्गिकताका आधारमा विश्लेषण गरिएको छ । लैङ्गिकता सांस्कृतिक अध्ययनअन्तर्गतको एक महत्त्वपूर्ण समालोचनात्मक सैद्धान्तिक अवधारणा मानिन्छ, जसले महिला तथा पुरुषबिचको सामाजिक भूमिका, मूल्य तथा मान्यताहरूको निर्माण प्रक्रियालाई स्पष्ट पार्दछ । यसमा नारीवाद, लैङ्गिक सत्ता सम्बन्ध, लैङ्गिक उत्पीडन तथा अस्तित्वबोधका अवधारणाहरूलाई विश्लेषणका लागि प्रयोग गरिएको छ । यस अध्ययनको लागि पुस्तकालयीय कार्यको माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा 'विप्लवी' उपन्यासलाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ भने लैङ्गिकतासम्बन्धी सिद्धान्तलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत उपन्यासको व्याख्याका लागि पाठमा आधारित विश्लेषणविधिको प्रयोग गरिएको छ । अध्ययनले उपन्यासमा पितृसत्तात्मक शक्ति संरचनाले महिलापात्रमाथि सिर्जना गरेको लैङ्गिक उत्पीडन, स्त्री पात्रको प्रतिरोध र स्वअस्तित्व निर्माण प्रक्रियालाई उजागर गरेको छ । विवेच्य उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचना तथा त्यसैअनुरूपको सोच, संस्कार तथा मनाेविज्ञानले गर्दा पुरुषले महिलामाथि गरेको अन्याय, अत्याचार, उत्पीडनजस्ता सामाजिक बेथितिहरूको चित्रण गरिएको छ । अनुसन्धेय उपन्यासमा समाजमा विद्यमान लैङ्गिक विषमताका कारण महिलाले पुरुषको अन्याय, अत्याचार सहेर बस्नुपरेकाले महिलाले लैङ्गिक विभेद तथा लैङ्गिक उत्पीडन विरुद्ध लडेर स्वअस्तित्वको रक्षा गर्न सकिने विषयवस्तु प्रस्तुत गरिएकाले यस अध्ययनबाट विप्लवी उपन्यासले नेपाली समाजमा विद्यमान लैङ्गिक विभेद, उत्पीडन तथा स्वपहिचानको संघर्षलाई उजागर गर्नुका साथै महिलाको आत्मनिर्भरता र सशक्तीकरणको सम्भावनालाई प्रतिपादन गरेको निष्कर्षमा पुगिएको छ ।*

**शब्दकुञ्जी:** *जैविक लिङ्ग, पण्यीकरण, लैङ्गिक उत्पीडन, यौनिक भिन्नता, मर्दाना*

**Article History:** Submitted: 28 December 2025, Reviewed: 11 February 2026, Accepted: 01 March 2026
**Corresponding Author:** Parwati Pant
*Parwatipant045@gmail.com*
https://doi.org/10.3126/

## विषय परिचय

समकालीन नेपाली साहित्यमा सानु शर्मालाई सामाजिक यथार्थवादी प्रवृत्तिका एक विशिष्ट स्रष्टाका रूपमा स्थापित गरिएको छ। वि.सं. २०५० सालदेखि साहित्य सिर्जनामा सक्रिय रहँदै आएकी शर्माले साहित्यका कविता, कथा, गजल तथा उपन्यास विधामा योगदान दिएको भए पनि उपन्यासकारका रूपमा विशेष उनको विशिष्ट पहिचान निर्माण भएको पाइन्छ । अर्धविराम (सन् २००३) देखि आरम्भ भएको औपन्यासिक यात्रामा जीतको परिभाषा (सन् २०१०), अर्थ (सन् २०११), विप्लवी (सन् २०१७), उत्सर्ग (सन् २०२१), फरक (सन् २०२२) तथा ती सात दिन (वि.सं. २०८०) जस्ता कृतिहरूमार्फत नेपाली समाजमा विद्यमान पितृसत्तात्मक संरचना, सामाजिक असमानता तथा लैङ्गिक विभेदका विविध आयामहरूलाई अभिव्यक्त गरिएको छ ।

प्रस्तुत विप्लवी उपन्यासमा नेपाली समाजमा व्याप्त लैङ्गिक उत्पीडन, घरेलु हिंसा तथा पुरुषप्रधान दृष्टिकोणको यथार्थपरक चित्रण गरिएको छ । उपन्यासमा महिला पात्रहरूद्वारा भोग्नुपरेका शारीरिक, मानसिक तथा सामाजिक दमनका अवस्थाहरूलाई उजागर गर्दै स्वअस्तित्व, पहिचान र अधिकार स्थापनाका लागि गरिएको सङ्घर्षलाई प्रस्तुत गरिएको पाइन्छ। विशेषत: सासा पात्रमार्फत पितृसत्तात्मक संरचनाबाट सिर्जित दमन र त्यसविरुद्धको प्रतिरोधात्मक चेतनालाई सशक्त रूपमा अभिव्यक्त गरिएको छ ।

लैङ्गिकता सांस्कृतिक अध्ययनअन्तर्गत विकसित एक महत्त्वपूर्ण समालोचनात्मक अवधारणा हो, जसले लिङ्ग, लैङ्गिक पहिचान, सामाजिक भूमिका तथा शक्ति सम्बन्धहरूको विश्लेषण गर्न सघाउँछ। यस दृष्टिकोणबाट विप्लवी उपन्यासको अध्ययन गर्दा समाजमा संस्थागत रूपमा स्थापित लैङ्गिक असमानता, विभेद तथा उत्पीडनका संरचनात्मक आयामहरू उद्घाटित हुने देखिन्छन् तथापि, उक्त उपन्यासमा अभिव्यक्त लैङ्गिक अवधारणा, उत्पीडन तथा

स्वअस्तित्वसम्बन्धी चिन्तनको समग्र सैद्धान्तिक विश्लेषण अपेक्षाकृत न्यून रहेको पाइन्छ, जसले यस अध्ययनको प्राज्ञिक समस्या निर्माण गरेको छ ।

यस अध्ययनको उद्देश्य विप्लवी उपन्यासमा अभिव्यक्त लैङ्गिक चिन्तन, लैङ्गिक उत्पीडनका स्वरूप तथा महिलाको स्वअस्तित्व र प्रतिरोधात्मक चेतनाको विश्लेषण गर्नु हो । अध्ययनलाई कृतिगत रूपमा विप्लवी उपन्यासमा मात्र सीमित गरिएको छ भने सैद्धान्तिक रूपमा लैङ्गिकतासम्बन्धी अवधारणाको प्रयोगमार्फत विश्लेषण गरिएको छ । त्यसैगरी विषयगत रूपमा लैङ्गिक अवधारणा, लैङ्गिक उत्पीडन तथा लैङ्गिक अस्तित्वसम्बन्धी पक्षहरूको अध्ययनमा मात्र सीमित गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

नारीवादलाई महिला आन्दोलनका रूपमा विकसित एक सशक्त वैचारिक धाराका रूपमा ग्रहण गरिन्छ, जसले लैङ्गिकतासम्बन्धी अध्ययनको प्रमुख सैद्धान्तिक आधार निर्माण गरेको देखिन्छ । लैङ्गिक अध्ययनमा पहिचानका पक्षहरू अत्यन्तै उल्लेखनीय रहेका हुन्छन् । लैङ्गिक पहिचानअन्तर्गत नारीत्वको पहिचानले समाजमा रहेका महिलाप्रतिको दृष्टिकोण र व्यवहारलाई बुझाउँने गर्दछ । यसले साहित्यमा महिलाको पहिचान, महिलाको भूमिका र सामर्थ्यलाई जनाउँछ (आचार्य, २०७४, पृ. ३४) । नारीवादले नारीत्व र पुरुषत्वलाई जैविक नभई सांस्कृतिक निर्मिति मान्दछ र यसै आधारमा लैङ्गिक अध्ययनलाई सैद्धान्तिक रूपमा संस्थापित गरिएको पाइन्छ (स्किपर्स, २०१८, सोलान्डर, २०२५) । लैङ्गिक अध्ययनअन्तर्गत महिला र पुरुषबिचको भिन्नतालाई प्राकृतिकभन्दा बढी सामाजिक तथा सांस्कृतिक संरचनासँग सम्बन्धित विषयका रूपमा विश्लेषण गरिन्छ । समाजमा महिला र पुरुषको प्रतिनिधित्व, उनीहरूलाई प्रदान गरिएका भूमिकाहरू तथा तेस्रो लिङ्गीको पहिचान र अवस्थाजस्ता विषयहरूलाई समेत लैङ्गिक अध्ययनको परिधिभित्र समेटिएको पाइन्छ (भट्टराई, २०६८, पृ २६१) ।

फेमिनिजम र मस्कुलिनिटी (मर्दाना)का अवधारणाहरूलाई लैङ्गिक संरचनाको निर्धारणमा महत्त्वपूर्ण मानिन्छ । समाजमा पुरुषले आफ्नो मर्दाना देखाएर महिलाहरूमाथि गर्ने दमन, शोषण र विभेदले समाजमा लैङ्गिकतालाई प्रश्रय दिएको देखिन्छ (बिस्ले, सन् २००५, पृ. २) । नारीवादले महिलामाथि हुने दमन, शोषण र विभेदको आलोचनात्मक व्याख्या गर्दछ भने मर्दाना अवधारणाले पुरुषप्रधान शक्ति संरचनालाई सुदृढ बनाउने सामाजिक अभ्यासलाई संकेत गर्दछ । लिङ्गलाई जैविक तथा लैङ्गिकतालाई सामाजिक अवधारणा मानिँदै समाजद्वारा निर्मित पितृसत्तात्मक संरचनाले महिलालाई उत्पीडनतर्फ धकेल्ने प्रक्रियालाई व्याख्या गरिएको पाइन्छ (बटलर, १९९९) । पितृसत्तात्मक सोचका कारण महिलाहरूलाई पछि पारिँदै आएको अवस्था र उनीहरूले स्वपहिचान तथा अस्तित्वको खोजी गर्नुपर्ने आवश्यकता लैङ्गिक अध्ययनको केन्द्रबिन्दुका रूपमा रहेको छ (ढुङ्गाना, २०७६, पृ ८) ।

लैङ्गिक विभेद भन्नाले महिला र पुरुषबिच गरिने असमान व्यवहार तथा अवसरहरूको असमान वितरणलाई जनाइन्छ । पितृसत्तात्मक मूल्यमान्यतामा आधारित विभेदकारी व्यवहारका कारण महिलामाथि अन्याय, अत्याचार, दमन, शोषण तथा विभिन्न प्रकारका शारीरिक र मानसिक हिंसा हुने गरेको पाइन्छ (खनाल, २०७५, पृ.२८) । यस्तो विभेद जन्मजात नभई सामाजिक संरचनाद्वारा निर्मित कुसंस्कारका रूपमा स्थापित भएको देखिन्छ (भट्टराई, २०७७ख, पृ. १३६) । विवाह संस्था, पारिवारिक संरचना तथा सांस्कृतिक मान्यताहरूले समेत लैङ्गिक असमानतालाई संस्थागत बनाउने कार्य गरेको पाइन्छ (भट्टराई, २०७७क, पृ. १३९) ।

लैङ्गिक उत्पीडनलाई एउटा लिङ्गद्वारा अर्को लिङ्गमाथि गरिने शारीरिक तथा मानसिक पीडाका रूपमा व्याख्या गरिएको छ । लैङ्गिक अध्ययनले समाजमा समान अस्तित्व, समान पहुँच तथा समान अधिकारको अवधारणालाई स्थापित गर्ने लक्ष्य राख्दछ (पाण्डे, २०६९, पृ. २) । समाजमा पितृसत्तात्मक सोच, सांस्कृतिक मान्यता तथा सामाजिक संरचनाका कारण महिलामाथि गरिने विभेद र उत्पीडन अझै व्यापक रूपमा विद्यमान रहेको देखिन्छ ।

लैङ्गिक अध्ययनको मूल उद्देश्य महिला र पुरुषबिच देखिने भिन्नता प्राकृतिक हो वा सामाजिक रूपमा निर्मित हो भन्ने प्रश्नको विश्लेषण गर्नु हो । यसअन्तर्गत दमन, हिंसा, प्रतिनिधित्व, पहिचान तथा प्रतिरोधजस्ता विषयहरूलाई अध्ययनको केन्द्रमा राखिन्छ ( उपाध्याय, २०७४, पृ. ३७) । प्रतिनिधित्वको अवधारणाले समाजमा विभिन्न वर्ग, समुदाय तथा लिङ्गहरूको स्थान र भूमिका के कसरी निर्धारण गरिएको छ भन्ने कुराको विश्लेषण गर्दछ । ससुर र स्टुअर्ट हलले भाषिक तथा सांस्कृतिक संरचनामार्फत अर्थ निर्माण प्रक्रियासँग प्रतिनिधित्वलाई जोडेर व्याख्या गरेका छन् (गिरी, २०७०, पृ. २८) ।

यस सन्दर्भमा सानु शर्माका उपन्यासहरूमा सामाजिक संरचना, वर्ग, लिङ्ग तथा सांस्कृतिक अवस्थाको प्रतिनिधित्व कसरी गरिएको छ भन्ने विषयको अध्ययन महत्त्वपूर्ण देखिन्छ । विशेषतः विप्लवी उपन्यासमा लैङ्गिक उत्पीडन, विभेद तथा स्वअस्तित्वको खोजीसम्बन्धी प्रश्नहरूलाई सैद्धान्तिक रूपमा विश्लेषण गर्न लैङ्गिकता, नारीवाद तथा प्रतिनिधित्वसम्बन्धी अवधारणाहरूलाई आधार बनाइएको छ ।

## अध्ययनको विधि

प्रस्तुत अनुसन्धानात्मक लेखका लागि आवश्यक सामग्रीहरूको सङ्कलन पुस्तकालयीय विधिको प्रयोगमार्फत गरिएको छ ।

यस विधिको प्रयोग विभिन्न प्रकाशित सामग्रीहरुमा रहेको विशेष गरी खण्डित र अन्तरविषय ज्ञानको खोजी गर्नु हो -जमालुद्दीन, २०२५) । सामग्री सङ्कलन प्रक्रियामा प्राथमिक तथा द्वितीयक गरी दुई प्रकारका स्रोतहरूको उपयोग गरिएको छ। प्राथमिक स्रोतका रूपमा सानु शर्माद्वारा लिखित विप्लवी उपन्यासमा निहित घटना, प्रसङ्ग तथा कथनहरूसँग सम्बन्धित सामग्रीलाई उद्धरणका रूपमा ग्रहण गरिएको छ भने द्वितीयक स्रोतका रूपमा लैङ्गिकतासम्बन्धी सैद्धान्तिक अवधारणाहरू, साहित्यको समाजशास्त्रीय दृष्टिकोण, सानु शर्माका साहित्यिक कृतिहरू तथा लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न पुस्तक, अनुसन्धानात्मक लेख, समीक्षा, समालोचना, विश्लेषण तथा टिप्पणीहरूलाई आधार सामग्रीका रूपमा उपयोग गरिएको छ। यसका साथै सम्बन्धित विषयवस्तुसँग प्रत्यक्ष सरोकार राख्ने प्रकाशित तथा अप्रकाशित स्रोतहरूको समेत सन्दर्भ ग्रहण गरिएको छ ।

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रही सम्पन्न गरिएको छ, जसअन्तर्गत पाठविश्लेषण, व्याख्या तथा व्याख्यात्मक विश्लेषण प्रक्रियालाई अवलम्बन गरिएको छ ।

## विमर्श

सानु शर्माद्वारा रचित विप्लवी उपन्यासलाई लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्दा पितृसत्तात्मक सामाजिक संरचनाभित्र महिलामाथि हुने दमन, शोषण तथा उत्पीडनका विविध आयामहरू उद्घाटित भएका देखिन्छन् । उपन्यासमा महिला पात्र सासाको जीवनयात्रामार्फत प्रेम, विश्वास र सम्बन्धका आवरणभित्र लुकेको लैङ्गिक असमानताको यथार्थपरक चित्रण गरिएको छ ।

सासा आफ्ना पारिवारिक संरचना, सामाजिक प्रतिष्ठा तथा सांस्कृतिक मूल्यमान्यताहरूलाई त्याग गरी प्रेमका आधारमा वीरेन्द्रसँग सम्बन्ध स्थापित गर्न अग्रसर भएकी पात्रका रूपमा प्रस्तुत गरिएको छ। तथापि, उक्त सम्बन्धमा समानता र पारस्परिक सम्मानको अभाव देखिँदै पितृसत्तात्मक मानसिकताबाट निर्देशित व्यवहारद्वारा उनलाई निरन्तर शारीरिक तथा मानसिक यातनाको सिकार बनाइएको पाइन्छ । वीरेन्द्रद्वारा प्रेमलाई माध्यम बनाएर महिलाहरूलाई वस्तुकरण गर्ने तथा उनीहरूमाथि शारीरिक उपभोगपछि परित्याग गर्ने प्रवृत्तिले समाजमा विद्यमान लैङ्गिक शोषणको संरचनात्मक स्वरूपलाई स्पष्ट पार्दछ ।

यस प्रकारको व्यवहारले महिलालाई केवल भोग्य वस्तुका रूपमा प्रस्तुत गर्ने पितृसत्तात्मक दृष्टिकोणलाई सुदृढ बनाएको देखिन्छ, जसका कारण सासासहित अन्य महिला पात्रहरू मानसिक तथा शारीरिक उत्पीडनको अवस्थाबाट गुज्रन बाध्य भएका छन् । उपन्यासमा सासाद्वारा उक्त उत्पीडनविरुद्ध आत्मचेतनाको विकास गर्दै स्वअस्तित्वको खोजीमा अग्रसर भएको अवस्था सशक्त रूपमा चित्रित गरिएको छ । वीरेन्द्रद्वारा गरिएको धोका र दमनको अनुभूतिपश्चात् विदेश गमन गरी शिक्षा आर्जन गर्ने तथा आत्मनिर्भर जीवनतर्फ उन्मुख हुने प्रक्रियाले महिलाको प्रतिरोधात्मक चेतना र सशक्तीकरणको सम्भावनालाई उजागर गरेको छ ।

यसरी, विप्लवी उपन्यासमा प्रस्तुत सासाको रूपान्तरणले लैङ्गिक उत्पीडनको अवस्थाबाट आत्मनिर्भरता र स्वअस्तित्वतर्फको यात्रालाई प्रतिनिधित्व गरेको देखिन्छ, जसले पितृसत्तात्मक संरचनाविरुद्धको वैचारिक विद्रोहलाई समेत अभिव्यक्त गरेको छ ।

### *लैङ्गिक अवधारणा*

लैङ्गिक अवधारणा व्यक्तिको जैविक लिङ्गसँग मात्र सम्बन्धित नभई सामाजिक, सांस्कृतिक, वैचारिक तथा संस्थागत संरचनाहरूले निर्माण, पुनर्निर्माण तथा वैधीकरण गर्ने भूमिका, शक्तिसम्बन्ध, पहिचान तथा व्यवहारगत प्रतिमानहरूको समष्टिगत व्याख्या हो । यसले समाजमा स्थापित विभेदकारी तथा अमानवीय संरचनाबाट मानव समाजलाई सचेत गराउँदै समानता, समता र न्यायमा आधारित संस्कृतिको निर्माणतर्फ उन्मुख गराउने प्रयास गर्दछ । पितृसत्तात्मक व्यवस्थाले महिलामाथि आफ्नो आधिपत्य स्थापित गर्न थालेसँगै लैङ्गिक असमानताको विकास भएको देखिन्छ (आम्ना, २०२६, दत्त, २०१८), जसको प्रतिरोधस्वरूप लैङ्गिक अवधारणाको विकास भएको हो ।

लैङ्गिक अवधारणाले समाजले निर्धारण गरेका विभेदपूर्ण भूमिका, कार्यविभाजन तथा

मूल्यमान्यताहरूको अन्त्य गर्दै महिला तथा पुरुषबिच समानता, समान अवसर र समताको स्थापना गर्ने उद्देश्य राख्दछ । लिङ्गका आधारमा एक वर्गलाई उच्च र अर्को वर्गलाई निम्न ठानी उत्पीडनमा राख्ने प्रवृत्तिले समाजमा गहिरो असमानता सिर्जना गरेको छ (ल्युडायुर, २०२१) । विशेषतः महिलाहरूलाई शारीरिक बनावटका आधारमा कमजोर ठानी उनीहरूमाथि विभिन्न प्रकारका विभेद, अन्याय, अत्याचार, दमन र शोषण थोपरिएको यथार्थ हाम्रो समाजमा विद्यमान छ ।

यस सन्दर्भमा लैङ्गिक अवधारणाले सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक तथा प्रशासनिक सबै क्षेत्रमा महिला र पुरुषबिच समान सहभागिता, समान पहुँच, समान स्वतन्त्रता तथा समान अधिकारको सुनिश्चितताको पक्षमा जोड दिन्छ । विप्लवी उपन्यासमा प्रस्तुत सासाको चरित्रमार्फत महिलाको क्षमता, चेतना, स्वाभिमान तथा प्रतिरोधी शक्ति सशक्त रूपमा अभिव्यक्त भएको देखिन्छ ।

उपन्यासमा महिलाहरू पुरुषभन्दा कमजोर छैनन् भन्ने चेतनालाई निम्न साक्ष्यले स्पष्ट रूपमा प्रस्तुत गरेको छः

> "त्यो पनि जरूरी छ, सासा !" सन्ध्याले भनि, "कसलाई थाहा छैन यो मेरो रहर होइन भनेर ? अब पछि हट्ने समय छैन । अब सबै स्वास्नीमान्छेले एकजुट भएर यो समाजलाई देखाउन जरूरी छ, हामीलाई किताबमा, विज्ञापनमा, भाषणमा र बहसमा मात्र होइन, यथार्थमा बराबरीको हक र स्वतन्त्रता चाहिन्छ भनेर ।" (पृ. ७१)

यस उद्धरणले महिलाहरूको सामूहिक चेतना, समान अधिकारप्रतिको आकांक्षा तथा लैङ्गिक समानताको आन्दोलनलाई प्रतिनिधित्व गर्दछ । यसैगरी, सासाको शैक्षिक तथा व्यावसायिक उपलब्धिले महिलाको आत्मनिर्भरता र क्षमताको सशक्त उदाहरण प्रस्तुत गरेको छः

> "मैले एमडीको सर्टिफिकेट हासिल गरेँ, गोल्डमेडलका साथ । युनिभर्सिटी हस्पिटलले मलाई त्यहीँ जब अफर गऱ्यो, साथमा स्पेसलाइजेसनका लागि स्कलर्सिप पनि ।" (पृ. १५८)

उक्त साक्ष्यले महिलाहरू अवसरले पनि प्राप्त हुँदा उच्च उपलब्धि हासिल गर्न सक्षम हुने तथ्यलाई पुष्टि गर्दछ ।

समाजमा प्रचलित पुरुषसत्तात्मक सोचका कारण महिलाहरूलाई अझै पनि कमजोर, निरीह र आश्रित ठान्ने प्रवित्ति विद्यमान छ । उपन्यासमा सासाको चरित्रमार्फत महिलाहरू मानसिक रूपमा अत्यन्त सक्षम र सशक्त हुन सक्ने देखाइएको छ । वीरेन्द्रजस्तो आफूलाई शक्तिशाली ठान्ने पुरुषलाई समेत सासाले आफ्नो चेतना, आत्मविश्वास र निर्णय क्षमताद्वारा पराजित पार्न सफल भएको तथ्य उजागर गरिएको देखिन्छ । यसले महिलाहरूको शक्ति केवल शारीरिक नभई मानसिक, वैचारिक र आत्मिक स्तरमा समेत सशक्त हुने तथ्यलाई उजागर गर्दछ ।

समाजमा महिलाहरू पुरुषको साहाराबिना बाँच्न सक्दैनन् भन्ने परम्परागत मान्यतालाई उपन्यासले चुनौती दिएको छ । सासाले वीरेन्द्रसँगको सम्बन्ध अन्त्य गरी आदित्यसँग नयाँ जीवन प्रारम्भ गर्नुले महिलाको स्वतन्त्र निर्णय क्षमता तथा आत्मनिर्भर अस्तित्वलाई प्रकट गर्दछ, जसको पुष्टि निम्न साक्ष्यले गर्दछः

> "कसम सासा !" उसले दयनीय स्वरमा भन्यो, "तिम्रो गर्भमा जसको बच्चा भए पनि त्यसलाई म आफ्नो नाम दिन्छु' बिन्ती, मलाई केही समय देऊ' हामी पहिले जस्तै खुशीखुशी बाँच्छौँ तिमी, बस, यो एकपल्टको लागि मलाई माफ ... ।" ( पृ.१८८)

यस सन्दर्भले पुरुषसत्तात्मक सोचको दयनीय अवस्था तथा महिलालाई पुनः नियन्त्रणमा राख्ने प्रयासलाई देखाउँछ, तर सासाले उक्त प्रस्ताव अस्वीकार गर्नुले उनको स्वाभिमान र आत्मनिर्णय क्षमतालाई उजागर गर्दछ ।

यसैगरी, वीरेन्द्रको पश्चाताप र आत्मग्लानिलाई निम्न साक्ष्यले प्रकट गर्दछः

> "मेरो कुरा सुन' एक पटकलाई तिम्रो वीरलाई माफ गरिदेऊ' म तिम्रो उही वीर हुँ, सासा !" ( पृ. १८७)

तर, सासाले उक्त पश्चातापलाई अस्वीकार गर्दै आफ्नो आत्मसम्मानलाई प्राथमिकता दिएको देखिन्छ । यसले महिलाहरू केवल सहने होइन, आवश्यक पर्दा विद्रोह गर्न सक्षम हुन्छन् भन्ने सन्देश दिन्छ ।

उपन्यासमा सासाले वीरेन्द्रको अन्याय, शोषण र उत्पीडनविरुद्ध प्रतिरोध गर्दै उसलाई थप्पड प्रहार गर्नु केवल व्यक्तिगत प्रतिक्रिया मात्र नभई पितृसत्तात्मक संरचनाविरुद्धको प्रतीकात्मक विद्रोहका रूपमा देखिन्छ । यस घटनाले महिलाहरूको अदम्य साहस, स्वाभिमान तथा आत्मसम्मानलाई प्रस्ट पार्दछ ।

यसरी, विप्लवी उपन्यासमा लैङ्गिक अवधारणाले महिलालाई निरीह, कमजोर र आश्रित पात्रका रूपमा मात्र नभई सचेत, आत्मनिर्भर,

स्वाभिमानी र प्रतिरोधक्षम व्यक्तित्वका रूपमा स्थापित गरेको देखिन्छ । यसले पितृसत्तात्मक संरचनाविरुद्ध विद्रोही चेतनाको विकास गर्दै समानतामूलक समाज निर्माणको आवश्यकता र अपरिहार्यता औँल्याएको छ ।

***लैङ्गिक उत्पीडन***

लैङ्गिक उत्पीडन भन्नाले समाजद्वारा निर्माण गरिएका लैङ्गिक भूमिका, शक्तिसम्बन्ध तथा सांस्कृतिक मान्यताका आधारमा कुनै व्यक्ति वा समूहले आफ्नो लिङ्ग, लैङ्गिक पहिचान वा यौनिकताका कारण भोग्नुपर्ने मानसिक, शारीरिक, यौनिक तथा सामाजिक पीडा, दमन र भेदभावलाई जनाउँछ । यसलाई पितृसत्तात्मक शक्ति संरचना, संस्थागत अभ्यास, कानुनी व्यवस्था, सांस्कृतिक मान्यता तथा भाषिक संरचनाले निर्माण गर्ने बहुआयामिक दमन प्रक्रियाका रूपमा पनि बुझ्न सकिन्छ, जसले व्यक्तिको शरीर, श्रम, पहिचान तथा स्वतन्त्रतामाथि नियन्त्रण कायम गर्दछ (दत्त, २०१८) ।

उत्पीडन कुनै एक स्वरूपमा मात्र सीमित नहुने भएकाले यो शारीरिक, मानसिक, आर्थिक, यौनजन्य वा मनोवैज्ञानिक रूपमै प्रकट हुन सक्छ । हाम्रो समाजको सन्दर्भमा हेर्दा महिलाहरू नै यसको प्रमुख सिकारका रूपमा देखा पर्छन् । पुरुषसत्तात्मक सोच र संरचनाले महिलालाई सधैँ कमजोर, निरीह र आश्रित ठान्ने प्रवृत्तिले गर्दा उनीहरूलाई विभिन्न प्रकारका हिंसा, शोषण तथा दमन सहन बाध्य पारिएको छ । विप्लवी उपन्यासमा पनि यस्तै प्रकारका लैङ्गिक उत्पीडनका विविध आयामहरूलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

उपन्यासमा श्रीमान् वीरेन्द्रद्वारा श्रीमती सासामाथि गरिएको शारीरिक हिंसा लैङ्गिक उत्पीडनको प्रत्यक्ष उदाहरणका रूपमा देखिन्छः

> "सासा !" मेरो छेउमा आएर उभिएको वीरेन्द्रको हात उठ्यो अनि पूर्ण वेगका साथ मेरो गालामा बजारियो ।
>
> "वीर !" मैले उसले थप्पड हानेको गालामा हात राखेर अविश्वासपूर्वक उसलाई हेरेँ । (पृ. ३३)

उक्त साक्ष्यले वैवाहिक सम्बन्धभित्रै महिलामाथि हुने हिंसात्मक व्यवहारलाई सामान्यीकृत गर्ने पितृसत्तात्मक मानसिकतालाई उजागर गर्दछ । सासाले प्रेमका आधारमा आफ्नो पारिवारिक प्रतिष्ठा, सामाजिक मानसम्मान तथा सुखसुविधा त्यागेर वीरेन्द्रसँग जीवनयापन प्रारम्भ गरेकी भए पनि उनले सोही सम्बन्धभित्र निरन्तर शारीरिक र मानसिक पीडा भोग्नुपरेको देखिन्छ ।

विवाहपश्चात् वीरेन्द्रको व्यवहारमा देखिएको परिवर्तन, उसका झुट, विश्वासघात तथा सासाप्रतिको उपेक्षात्मक दृष्टिकोणले सासाको भावनात्मक संसारलाई ध्वस्त पार्दै लगेको छ । सासाले बारम्बार सम्झाउने प्रयास गर्दा पनि वीरेन्द्रले आफ्ना गल्ती स्वीकार नगरी उल्टै उसैलाई दोषारोपण गर्ने प्रवित्ति देखाएको छ, जसले लैङ्गिक उत्पीडन केवल शारीरिक मात्र नभई मानसिक तथा मनोवैज्ञानिक स्तरमा समेत क्रियाशील रहेको देखाउँछ ।

यसै सन्दर्भमा वीरेन्द्रद्वारा गरिएको अपमानजनक व्यवहार र हिंसात्मक प्रतिक्रिया निम्न साक्ष्यमा स्पष्ट रूपमा व्यक्त भएको छः

> "शटअप, सासा !" मेरो कुराबीचमा काटेर वीरेन्द्रले मतिर औँला ठड्याउँदै कठोर स्वरमा भन्यो, "एक शब्द नबोल । यु ह्याभ अलरेडी क्रस द लिमिट !"
>
> "सासा !" मेरो छेउमा आएर उभिएको वीरेन्द्रको हात उठ्यो अनि पूर्ण वेगका साथ मेरो गालामा बजारियो ।
>
> "वीर !" मैले उसले थप्पड हानेको गालामा हात राखेर अविश्वासपूर्वक उसलाई हेरेँ । (पृ.३५)

उक्त घटनाले पुरुषसत्तात्मक सोचले महिलामाथि नियन्त्रण कायम गर्न हिंसालाई साधनका रूपमा प्रयोग गर्ने प्रवृत्तिलाई प्रस्ट पार्दछ । यहाँ वीरेन्द्रले सासालाई स्वतन्त्र व्यक्तित्वका रूपमा स्वीकार नगरी उसमाथि आफ्नो आधिपत्य स्थापित गर्न खोजेको देखिन्छ ।

यसका साथै उपन्यासमा पुरुष पात्रहरूद्वारा महिलालाई शारीरिक उपभोगको वस्तुका रूपमा प्रयोग गर्ने प्रवृत्तिलाई पनि स्पष्ट रूपमा देखाइएको छ । वीरेन्द्रले मात्र नभई आदित्य स्वराजले समेत सासाको भावनात्मक तथा शारीरिक शोषण गरेको प्रसङ्गले लैङ्गिक उत्पीडनको व्यापकता र जटिलता दुवैलाई उजागर गर्दछ ।

> "आ'म ह्याभिङ योर बेबी, आदि !" मैले निरीह स्वरमा भनेँ, सफाइ दिएजसरी, "यु आर द फादर ।"

उसका आँखामा चमक देखियो । र, तत्कालै लुप्त पनि भयो । "हाउ क्यान यु से द्याट ?" उसको स्वर उस्तै थियो, "हाउ क्यान यु बी सो कन्फिडेन्ट ?"

> "बट आ'म नट हियर टु गिभ यु एनी ट्रबल । इनफ्याक्ट, तिमीले विश्वास गर्न जरूरी पनि छैन । म यत्ति नै भन्न चाहन्छु तिमीसँग, म यसलाई अबोर्ट गर्दिनँ । जन्माउँछु अनि केवल आफ्नो नाम दिएर हुर्काउँछु । उसलाई मेरो बाहेक अरू कसैको नामको खाँचो पनि छैन ।" मेरो

> स्वरमा दृढता मिसियो, “आदित्य स्वराज, आ'म सो थ्याङ्कफुल टु यु, विश्वास गर्ने रिजन दियौ । यदि तिमी मेरो जिन्दगीको त्यो एउटा रातमा मसँग नमिसिया भए म हुनै सक्दिनथेँ । तिमीले नै मलाई म भएर बाँच्न सक्ने स्वतन्त्रता दियौ । तयसैले म तिमीलाई भन्न चाहन्छु, तिम्रो अंशको बीज ज्यों तबनेर भित्र-बाहिर झलमल्ल भएरा' छ अनि यो उज्यालोमा म आफूलाई प्रस्ट देख्न सक्षम छु । धन्यवाद, मिस्टर आदित्य स्वराज !”
>
> कुनै पुरुषले नकार्दैमा मेरो अस्त्वि मेटिनेछैन र म छु । यो शाश्वत सत्य कसैको स्वीकृति र अस्वीकृतिले फेरिँदैन । (पृ.२०४)

उक्त साक्ष्यले पुरुषद्वारा आफ्नो जिम्मेवारीबाट पन्छिने र महिलालाई एक्लै पीडा भोग्न बाध्य पार्ने प्रवृत्तिलाई देखाउँछ । यसले समाजमा महिलाको अस्तित्वलाई पुरुषको स्वीकृतिसँग जोड्ने मानसिकताको आलोचना समेत गर्दछ ।

सासाले भोगेका मानसिक द्वन्द्व, सामाजिक दबाब तथा आत्मसङ्घर्षलाई निम्न साक्ष्यले अझ स्पष्ट बनाएको छः

> म भाग्न नसक्नुका पछाडि मुख्यतः तिनवटा कारण थिए । पहिलो– वीरेन्द्र, जोबिना मलाई आफ्नो जीवन अधुरो लाग्थ्यो । दोस्रो– वीरेन्द्रसँग मैले आफ्नो जिद्दीले बिहे गरेकी थिएँ । मेरो रोजाइ थियो ऊ । ऊसँग जीवन बिताउने निर्णय मेरो थियो । अब म कुन मुखले भन्न सक्थेँ आफूले गरेको निर्णय छ महीना बित्दा–नबित्दै गलत साबित भयो भनेर, जबकि अगाडि सिङ्गै जिन्दगी बाँकी थियो ? तेस्रो– मैले आफ्ना जन्मदाताहरूलाई एउटा दुःख दिइसकेकी थिएँ, उहाँहरूको एच्छाविरुद्ध बिहे गरेर । वीरेन्द्रसँग अलग भएर म उहाँहरूलाई अर्को दुःख दिन चाहन्नथेँ । (पृ.१९)

यसले महिलाहरू किन लामो समयसम्म उत्पीडन सहन बाध्य हुन्छन् भन्ने प्रश्नको उत्तर पनि दिन्छ कि प्रेम, सामाजिक दबाब र पारिवारिक सम्बन्धको बोझका कारण उनीहरू तत्काल प्रतिरोध गर्न नसक्ने अवस्थामा हुन्छन् ।

यसरी, विप्लवी उपन्यासमा लैङ्गिक उत्पीडन व्यक्तिगत व्यवहारको परिणाम मात्र नभई संरचनागत, सांस्कृतिक तथा वैचारिक रूपमा जडित समस्या भएको देखिन्छ । वीरेन्द्र र आदित्यजस्ता पात्रहरूले प्रेम, विवाह र सम्बन्धको आवरणमा महिलामाथि शारीरिक, मानसिक तथा यौनजन्य शोषण गरेका छन् जसले पितृसत्तात्मक संरचनालाई सुदृढ बनाएको छ ।

यसै सन्दर्भमा सासाको चरित्र विकासलाई हेर्दा उनी प्रारम्भमा उत्पीडन सहन बाध्य भए पनि क्रमशः आत्मचेतना विकास गर्दै प्रतिरोधको मार्गमा अघि बढेकी देखिन्छिन् । अन्ततः उनले यस्तो उत्पीडनकारी सम्बन्धलाई त्यागेर आत्मसम्मान, स्वाभिमान र स्वतन्त्रताको पक्षमा निर्णय लिएकी छन् । यसले लैङ्गिक उत्पीडनविरुद्धको प्रतिरोध मात्र नभई महिलाको सशक्तीकरण, आत्मनिर्भरता र स्वअस्तित्वको खोजीलाई समेत सशक्त रूपमा अभिव्यक्त गरेको छ ।

### *लैङ्गिक अस्तित्व*

लैङ्गिक अस्तित्व भन्नाले व्यक्तिले आफूलाई कुन लैङ्गिक पहिचानसँग आबद्ध ठान्छ, त्यसलाई कसरी अनुभव गर्दछ र सामाजिक परिवेशमा कसरी अभिव्यक्त गर्दछ भन्ने आत्मबोध, अनुभव तथा शक्तिसम्बन्धको समष्टिगत अवस्थालाई जनाउँछ (सेरिफ, १९८२) । यो अवधारणा केवल जैविक लिङ्गमा सीमित नरही सामाजिक निर्माण, सांस्कृतिक मान्यता, भाषिक व्यवहार तथा पितृसत्तात्मक संरचनाद्वारा निर्मित पहिचान र भूमिकासँग सम्बन्धित रहेको देखिन्छ -ग्रिभ्स र रिज, २०२२, सिल्भरस्टिन, १९८५) । यस सन्दर्भमा महिलाले आफ्नो अस्मिता, स्वपहिचान र स्वतन्त्र अस्तित्वको खोजी गर्नुलाई नै लैङ्गिक अस्तित्वबोधका रूपमा अर्थ्याइएको छ ।

उपन्यासमा प्रस्तुत सासाको चरित्रमा यस्तो अस्तित्वबोध क्रमिक रूपमा विकसित भएको पाइन्छ । प्रारम्भिक चरणमा प्रेम र वैवाहिक सम्बन्धप्रति समर्पित देखिएकी सासा वीरेन्द्रद्वारा निरन्तर धोका, अवहेलना र हिंसात्मक व्यवहारको सिकार बनेपछि आफ्नो अस्तित्वमाथि प्रश्न उठाउन बाध्य भएकी छिन् । यस अवस्थालाई निम्न साक्ष्यले स्पष्ट पार्दछः

> “त्यसैले बिहे भा' वर्षदिन पनि नपुग्दैदेखि तिमीले रखैलहरू घुमाउन थाल्यौ ?” (पृ. १८८)

यस साक्ष्यले महिलामा उत्पन्न भएको आत्मसम्मानको चेतना र अन्यायविरुद्धको प्रतिरोधलाई उद्घाटित गर्दछ । सासाले आफ्ना अनुभूत पीडा र विश्वासघातलाई मौन रूपमा सहनुका सट्टा त्यसविरुद्ध आवाज उठाउँदै आफ्नो अस्तित्वको खोजी आरम्भ गर्न थालेको देखिन्छ ।

यसै क्रममा वैवाहिक सम्बन्धलाई अन्त्य गर्ने निर्णयमार्फत आत्मनिर्णयको चेतना सुदृढ बनेको देखिन्छ, जसलाई निम्न साक्ष्यले पुष्टि गर्दछः

> "सधैँ झैँ म तिम्रा चिप्ला कुरा सुनेर तिमीलाई माफ गर्न बेर लाउने थिइनँ ।" मैले आँसु पुछेँ अनि दृढ स्वरमा भनेँ, "तर, आज मैले तिम्रो असली रूप देखेँ । अब तिमीसँग एउटै छतमुनि एक पल बस्न सक्दिनँ ।" मैले आफ्नो मोबाइल र पर्स टिप्दै आक्रोशपूर्वक भनिरहेँ, "दश वर्ष, पूरा दश वर्ष तिमीसँग थिएँ म । कैयौँ यस्ता पल आए, जहाँ म तिमीमाथि शङ्का गर्न सक्थेँ । तर, कहिल्यै त्यस्तो गरिनँ । हाम्रो बिहेलाई एउटा आदर्श, एउटा उदाहरण बनाउन चाहन्थेँ म । टिपिकल स्वास्नीले गरे जस्तै चियोचर्चो र खोजतखातल गरेर तिमीलाई अपसेट गर्न चाहन्नथेँ म । तर तिमीले साबित गरिदियौ, म उदार हृदय भा' स्वास्नीले घर र समाज चल्दैन भनेर ।" मैले आँसु पुछेँ अनि भनेँ, "डिभोर्सको लागि म भोलि नै लयरसँग कुरा गरेर तिमीलाई खबर गर्छु ।" (पृ.१८७)

यस साक्ष्यले महिलामा विकसित भएको स्वनिर्णय क्षमता, आत्मसम्मान तथा स्वतन्त्र अस्तित्वको आग्रहलाई प्रस्ट पार्दछ । सासाले आफूलाई केवल पत्नीको भूमिकामा सीमित नराखी स्वतन्त्र व्यक्तित्वका रूपमा पुनःस्थापित गर्ने प्रयास गरेकी छिन् ।

यस सन्दर्भमा आफ्नो क्षमताबारे सचेत हुँदाहुँदै पनि सामाजिक सन्तुलनका लागि त्यसलाई दबाएर राखिएको अवस्थालाई निम्न साक्ष्यले उद्घाटित गर्दछः

> म सक्षम थिएँ । तर, हाम्रो समाजका अरू कैयौँ म जस्तै स्वास्नीमान्छेले जस्तै आफूले रोजेको जीवनसाथी हीनभावनाले ग्रस्त नहोस् भनेर ऊभन्दा आफू सक्षम र सबल भएको यर्थाथलाई कहिल्यै हाइलाइट गरिनँ । (पृ.१९४)

यसबाट महिलाहरूले पितृसत्तात्मक संरचनालाई अनुकूल बनाउन आफ्नै क्षमता दमन गर्न बाध्य भएको यथार्थ स्पष्ट हुन्छ । यही दमनको विरुद्धमा प्रतिरोध गर्दै सासाले आफ्नो स्वतन्त्र अस्तित्वको मार्ग चयन गरेकी छिन् ।

उपन्यासको उत्तरार्धमा सासाको अस्तित्वबोध पूर्ण विकसित रूपमा प्रकट भएको देखिन्छ, जसलाई निम्न सशक्त साक्ष्यले सारगर्भित रूपमा अभिव्यक्त गर्दछः

> मेरो अस्त्विमा कसैको अधिकार छैन । म स्वतन्त्र छु । पूर्ण जीवन जिउन, जीवित रहन अनि अर्को एउटा जिन्दगीलाई धरतीमा प्रदार्पण गराउन मलाई कसैको स्वीकृतिको आवश्यकता छैन ।
>
> मलाई बोध भयो– म या कुनै पनि स्त्री पानी होइन, जसको काम कसैको तिर्खा मेट्नु मात्र हो, न त स्त्रीलाई आकार लिन पुरुषरूपी भाँडो नै चाहिन्छ । स्त्री संसार हो, जसको अस्तित्वबिना सृष्टि सम्भव हुँदैन अनि सृष्टिबिना जीवन कसरी सम्भव हुन्छ । मैले आफूलाई हावाझैँ, कपासझैँ हलुङ्गो अनुभव गरेँ । लाग्यो– म अब स्वर जस्तै तरङ्गित हुन सक्छु । उड्न सक्छु । आकाशको उचाइ नाप्न सक्छु । म अघि बढेँ । (पृ.२०३–२०४)

यस साक्ष्यले महिलाको अस्तित्व कुनै पुरुषको स्वीकृति वा अस्वीकृतिमा निर्भर नरहने, बरु स्वायत्त् र स्वनिर्मित हुने दार्शनिक दृष्टिकोणलाई सशक्त रूपमा प्रस्तुत गर्दछ । सासाले वीरेन्द्र तथा आदित्य दुवैसँगको सम्बन्धबाट मुक्त हुँदै आत्मनिर्भर, स्वाभिमानी र स्वतन्त्र जीवनको मार्ग अवलम्बन गरेकी छिन्न ।

यसरी उपन्यासमा प्रस्तुत महिला पात्रले पितृसत्तात्मक संरचनाविरुद्ध प्रतिरोध गर्दै आत्मपहिचान, स्वाभिमान र स्वतन्त्र अस्तित्वको सशक्त अभिव्यक्ति प्रस्तुत गरेको देखिन्छ । महिलाहरू पुरुषको आश्रयबिना पनि आत्मनिर्भर र स्वअस्तित्वसहित जीवनयापन गर्न सक्षम हुन्छन् भन्ने विचारलाई यस कृतिले दृढ रूपमा स्थापित गरेको निष्कर्ष निकाल्न सकिन्छ ।

## निष्कर्ष

विप्लवी उपन्यास नेपाली समाजमा प्रचलित परम्परागत मूल्यमान्यताभन्दा माथि उठेर लैङ्गिक चेतनाको सशक्त अभिव्यक्ति प्रस्तुत गर्ने कृतिका रूपमा स्थापित भएको देखिन्छ । यस उपन्यासमा लैङ्गिक उत्पीडन, लैङ्गिक अस्तित्वबोध तथा लैङ्गिक अवधारणाका विविध आयामहरूलाई गहिराइका साथ प्रस्तुत गरिएको पाइन्छ । विशेषतः पितृसत्तात्मक संरचनाले निर्माण गरेका सामाजिक तथा सांस्कृतिक मान्यताका कारण महिलाहरूले भोग्दै आएका शारीरिक तथा मानसिक उत्पीडनको यथार्थपरक चित्रण गरिएको छ । महिलाहरूलाई घरभित्र तथा बाहिर दुवै क्षेत्रमा विभिन्न बहानामा पीडा दिइने, उनीहरूको श्रम, शरीर र भावनालाई उपभोग्य वस्तुका रूपमा प्रयोग गरिने प्रवृत्तिको उद्घाटन उपन्यासले प्रभावकारी रूपमा गरेको देखिन्छ ।

उपन्यासमा पुरुषप्रधान सोचद्वारा महिलाशरीरको पण्यीकरण, वैवाहिक सम्बन्धभित्रको असमान शक्तिसम्बन्ध तथा पुरुषको स्वेच्छाचारी

चरित्रको आलोचना गरिएको छ । वीरेन्द्रजस्तो पात्रमार्फत प्रेम, विवाह र नैतिकताको आवरणमा महिलामाथि हुने शोषण, धोका र हिंसात्मक व्यवहारलाई उजागर गरिएको छ । सासाले आफ्ना आमाबुबा, सामाजिक प्रतिष्ठा तथा सुविधाहरू त्यागेर प्रेमको आधारमा जीवन रोजे तापनि उक्त सम्बन्धबाट अपेक्षित सम्मान, माया र सहअस्तित्व प्राप्त हुन नसकी उल्टै शारीरिक तथा मानसिक यातनाको सिकार बन्नुपरेको अवस्थाले पितृसत्तात्मक समाजको यथार्थलाई स्पष्ट पारेको छ ।

उपन्यासको मूल शक्ति महिलामा विकसित हुने चेतना र प्रतिरोधमा निहित रहेको देखिन्छ । प्रारम्भमा सहनशील र समर्पित देखिएकी महिला पात्र अन्ततः आत्मसम्मान, स्वाभिमान र स्वतन्त्र अस्तित्वको खोजीतर्फ उन्मुख भएकी छिन् । लैङ्गिक उत्पीडनको निरन्तर अनुभवपछि महिलामा जागृत भएको अस्तित्वबोधले उनीहरूलाई अन्यायको प्रतिरोध गर्न प्रेरित गरेको छ । सासाले वीरेन्द्र तथा आदित्यजस्ता पुरुष पात्रहरूलाई त्यागेर आफ्नो स्वअस्तित्वसहितको स्वतन्त्र जीवन चयन गर्नुले महिलाहरू पुरुषको आश्रयबिना पनि आत्मनिर्भर, सक्षम र सफल जीवनयापन गर्न सक्ने सशक्त सन्देश प्रस्तुत गरेको छ ।

यस उपन्यासमा महिलाहरूलाई केवल पीडित पात्रका रूपमा चित्रित नगरी प्रतिरोधी, सचेत र आत्मनिर्णयका लागि सक्षम व्यक्तित्वका रूपमा स्थापित गरिएको छ । उनीहरूले आफूमा निहित क्षमता, चेतना र स्वायत्तताको बोध गरी पितृसत्तात्मक संरचनाद्वारा थोपरिएका सीमाहरूलाई अस्वीकार गरेका छन् । यस क्रममा यौनिकता, प्रजनन स्वतन्त्रता तथा व्यक्तिगत निर्णयमाथि महिलाको अधिकार स्थापित गर्ने चेतनाको अभिव्यक्ति पनि देखिन्छ ।

यसरी समग्र विश्लेषणका आधारमा विप्लवी उपन्यासले नेपाली समाजमा विद्यमान लैङ्गिक असमानता, उत्पीडन र विभेदको यथार्थलाई उद्घाटन गर्दै त्यसका विरुद्धमा विकसित हुने लैङ्गिक चेतना, अस्तित्वबोध र प्रतिरोधको सशक्त प्रस्तुति गरेको निष्कर्षमा पुग्न सकिन्छ । उपन्यासले महिलाहरूलाई केवल सहनशीलताको प्रतीकका रूपमा होइन बरु परिवर्तनका सक्रिय वाहकका रूपमा स्थापित गर्दै समानता, स्वतन्त्रता र स्वअस्तित्वसहितको जीवनतर्फ उन्मुख गराउने सन्देश प्रदान गरेको छ ।

## कृतज्ञता

प्रस्तुत अनुसन्धान सानु शर्माका उपन्यासमा लैङ्गिकताको अध्ययन शीर्षकको दर्शनाचार्य शोध परियोजनाअन्तर्गत सम्पन्न गरिएको हो । उक्त शोध परियोजनाका लागि दर्शनाचार्य तहको अनुदानरछात्रवृत्ति उपलब्ध गरेर अध्ययनलाई सहज बनाइदिएकोमा विश्वविद्यालय अनुदान आयोग, नेपाल (ग्लखभचकष्तथ न्चबलतक ऋयmmष्ककष्यल, ल्भउबी) प्रति हार्दिक कृतज्ञता व्यक्त गरिन्छ । आयोगको आर्थिक सहयोगले यस अनुसन्धान कार्यलाई व्यवस्थित रूपमा अघि बढाउन महत्त्वपूर्ण योगदान पुर्‍याएको छ ।

## सन्दर्भ सामग्री


आचार्य, बलराम (२०७४). *लैङ्गिक समाजसास्त्र (दोस्रो संस्क.).* नेसनल बुक सेन्टर ।

उपाध्याय, अच्युतराज (२०७४). *त्रिदेवी उपन्यासको सांस्कृतिक अध्ययन. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध.* त्रि.वि., कीर्तिपुर ।

खनाल, राजेन्द्र (२०७५). *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग.* सनलाइट पब्लिकेसन ।

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. *भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), पृ. ११–४६ ।

ढुङ्गाना, कमला (२०७६). *शारदा शर्माका उपन्यासमा लैङ्गिकता.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०६८). लैङ्गिक समालोचना. *रत्न बृहत नेपाली समालोचना (सैद्धान्तिक खण्ड).* (सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मण गौतम). रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७७ क). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण.* भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७ ख). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

शर्मा, सानु (२०७४). *विप्लवी.* फिनिक्स बुक्स प्रा. लि. ।

Amna, A. B. (2026). Patriarchal structures and gendered oppression: historical roots and contemporary manifestations. *Research Square.* https://doi.org/10.21203/rs.3.rs-8667102/v1

Beasley, chris (2005). Gender and sexualiy. New Delhi : Sage Publications.

Butler, Judith (1999). Gender Trouble. Routledge.

Dutt, A. (2018). Locating patriarchy in violence against women in India: Social, legal and alternative responses. *PEOPLE International Journal of Social Sciences*, *4*(2), 212–228. https://doi.org/10.20319/pijss.2018.42.212228

Greaves, L., & Ritz, S. A. (2022). Sex, Gender and Health: Mapping the Landscape of Research and Policy. *International Journal of Environmental Research and Public Health*, *19*(5), 2563. https://doi.org/10.3390/ijerph19052563

Jamaluddin, M., Rahmatullah, A., & Farid, M. (2025). Library research methodology in education: Fundamental concepts and implementation. *Cognitive Jurnal Pendidikan Dan Pembelajaran*, *3*(2), 128–187. https://doi.org/10.61743/cg.v3i2.160

Liedauer, S. (2021). Dimensions and causes of systemic oppression. In *Encyclopedia of the UN sustainable development goals* (pp. 1–11). https://doi.org/10.1007/978-3-319-71060-0_91-1

Schippers, M. (2016). Masculinity and Femininity, Theories of. *The Wiley Blackwell Encyclopedia of Gender and Sexuality Studies*, 1–6. https://doi.org/10.1002/9781118663219.wbegss390

Silverstein, M. (1985). Language and the Culture of gender: at the intersection of structure, usage, and ideology. In *Elsevier eBooks* (pp. 219–259). https://doi.org/10.1016/b978-0-12-491280-9.50016-9

Solander, T. (2025). Much ado about gender. *Archives of Sexual Behavior*, *54*(10), 3897–3900. https://doi.org/10.1007/s10508-025-03330-z